AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

# एम्नेस्टी इन्टरनेसनल

**प्रेस विज्ञप्ती**
**श्रावण ३, २०७६**

## एम्नेस्टी इन्टरनेसनलद्वारा नेपालको आवास अधिकारसम्बन्धी कानुनमाथिको आफ्नो विश्लेषण शहरी विकास मन्त्री समक्ष पेश

एम्नेस्टी इन्टरनेसनल नेपालले आज नेपालको नयाँ आवास अधिकारसम्बन्धी कानुनमाथि एम्नेस्टी इन्टरनेसनलको विश्लेषणसहितको सुझावपत्र शहरी विकास मन्त्री मोहम्मद इश्तियाक राईलाई पेश गरेको छ ।

एम्नेस्टी नेपालका नेसनल बोर्ड अध्यक्ष बिक्रम ढुकुछु, निर्देशक निराजन थपलिया तथा जुरी नेपाल, महिला एकता समाज र आत्मनिर्भर केन्द्रका प्रतिनिधिहरूसहितको एक टोलीले उक्त विश्लेषण पत्र मन्त्री राईलाई सिंहदरबारस्थित उहाँको कार्यकक्षमा भेटी आज बुझाएको हो ।

नेपालले आवासको अधिकारसम्बन्धी आफ्नो नयाँ कानुनलाई सुदृढ गर्ने, आवासविहीनता रोकथामसम्बन्धी आफ्नो वाचा पुरा गर्ने तथा सबैका लागि सुरक्षित र पर्याप्त आवास सुनिश्चित गर्ने कार्य गर्नु पर्दछ भन्ने कुरामा एम्नेस्टी इन्टरनेसनलले जोड दिएको छ ।

आवासविहीनताविरुद्ध लड्नका लागि आवासको अधिकारसम्बन्धी ऐन २०७५ लाई एउटा महत्त्वपूर्ण कदमको रूपमा लिन सकिन्छ । यद्यपि, एम्नेस्टी इन्टरनेसनलको टिप्पणी तथा सुझावपत्र *"नेपाल: सबैका लागि पर्याप्त आवास: आवासको अधिकारसम्बन्धी ऐन २०७५ को विश्लेषण"* ले नेपाल सरकारलाई आवासको अधिकारसम्बन्धी कानुनलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका बाध्यकारी प्रावधानअनरुप हुनेगरी संशोधन गर्न आह्वान गरेको छ ।

यस विश्लेषणात्मक सुझाव पत्रलाई गत ज्येष्ठ ३० गते राष्ट्रिय मानवअधिकार आयोग, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार क्षेत्रमा सक्रिय संस्था, तथा मिडियाका प्रतिनिधिहरू सम्मिलित एक कार्यक्रमका माझ सार्वजनिक गरिएको थियो ।

### पृष्ठभूमि

पर्याप्त आवासको अधिकार कुनै प्रकारको भेदभाव बिना सबैले उपभोग गर्न पाउनुपर्ने मानवअधिकार हो । तर नेपालमा यो एउटा मानवअधिकार चुनौतीको रूपमा रहेको छ । राष्ट्रिय तथ्याङ्कअनुसार नेपालको ४९ प्रतिशत मानिस गुणस्तरहीन आवासमा बसोवास गर्दछन् र ३० प्रतिशत भन्दा कम घरहरू मात्र संरचनात्मक हिसाबले

सुरक्षित ठानिएको छ । शहरमा बस्ने १० प्रतिशतसँग आफ्नै घर छैन । चार वर्ष बितिसक्दा पनि आवासिवहीन हुन पुगेका ५० प्रतिशत भूकम्पपीडितहरू अझै पनि आफ्नो घर बनाउनका लागि सरकारी अनुदान पर्खिरहेका छन् ।

नेपाल सरकारले राष्ट्रिय मानवअधिकार संस्थाहरू र नागरिक समाज सङ्गठनसँगको परामर्शमा आवासको अधिकारसम्बन्धी ऐनलाई समीक्षा गरी संशोधनमार्फत यसमा रहेका कमजोरीहरूलाई तत्काल संबोधन गर्नुपर्दछ ।

सरकारले पर्याप्त आवासको पहुँचमा दलित, थारू लगायत जमीनमा आश्रित आदिवासी जनजाति आदि सीमान्तकृत समुदायलाई कानुन सहयोगी भएको सुनिश्चत गर्नु पर्दछ ।